नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनुषा

# जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८३ वैशाख १५ गतेको निर्णयहरु

बढ्दो गर्मी, मनसुन, सुख्खा, खडेरी लगायतका विपदबाट यस जिल्लामा परेको असर प्रभाव ~~तीव्र~~ न्यूनीकरण एवं व्यवस्थापनका लागि विगतका बैठकमा भएका निर्णयहरु र आगामी दिनमा गर्नु पर्ने कार्यहरुको सम्बन्धमा सरोकारवाला निकायको प्रस्तुती भई समिक्षा गरियो।

२. सुख्खायाममा हुरीवतास र आगलागीका घटनाहरु बढ्न गई धनजनको क्षति हुनसक्ने सन्दर्भलाई दृष्टिगत गरी त्यस्ता घटना रोकथाम र न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकाय र गैर सरकारी संघ संस्था, निजी क्षेत्र लगायत सम्बद्ध निकायहरुले समन्वयात्मक रुपमा सचेतनामूलक सूचना प्रकाशन प्रसारण गर्ने, आवश्यक उपकरण एवं स्रोत साधनको यथोचित व्यवस्था गरी तयारी अवस्थामा राख्ने ।

३. प्रत्येक स्थानीय तहले आ-आफ्नो कार्य क्षेत्रमा आगलागि तथा सुख्खा मौसमको प्रभाव न्यूनीकरण र मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना तजुर्मा गरी कार्यान्वयन गर्ने/गराउने।

४. प्रत्येक स्थानीय तहले उच्च जोखिममा रहेका बस्तीहरुको पहिचान गरी विपद्को समयमा प्रभावित व्यक्ति तथा परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने गरी पूर्व तयारी गर्ने ।सो को विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने ।

५. विपद् उद्धार तथा राहतका लागि अत्यावश्यक सामग्री (खाद्यान्न, पिउने पानी, औषधी, लत्ता कपडा, भाडा कुँडा लगायत) को पूर्व तयारीका लागि स्थानीय विपद् कोषमा अनिवार्य रुपमा वजेट विनियोजन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने।

६. जिल्लास्थित सबै स्थानीय तहका स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र(LEOC) ले तीन दिन भित्र विपद् CallCenter स्थापना गरी सोको जानकारी DEOC तथा नजिकको सुरक्षा निकायमा गराउने । साथै उक्त Call Center लाई २४ सै घण्टा सञ्चलन गरी विपद् पूर्वसूचना, पूर्वचेतावनी, खोज, उद्धार एवं राहत कार्यलाई छिटो, प्रभावकारी तथा परिणाममुखी बनाउने ।

७. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाण्डौंको च.नं. १३४८, मिति २०८२।१२।२६ गतेको विपद् पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी १२ बुंदे पत्र बैठकमा पेश भई छलफल भयो । उक्त पत्रबमोजिम विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो।

- प्रत्येक स्थानीय तहले विपद्को बेला तत्काल प्रयोग गर्न सकिने गरी खुला क्षेत्र, सुरक्षित आश्रयस्थल, हेलिप्याड, गोदामघर, दमकल, एम्बुलेन्स लगायतका विवरण विपद् पोर्टलमा Geo-Location सहित तीन दिन भित्र विवरण तयार गरी अद्यावधिक गर्ने र सोको जानकारी DEOC लाई गराउने।
- प्रत्येक स्थानीय तहले स्थानीय सुरक्षा निकाय, यूवा क्लब, गैर सरकारी संस्था, रेडक्रस सोसाइटी लगायतका संघ, संस्थाहरुसँग समन्वय गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय समुदाय र स्वयंसेवक परिचालन हुने व्यवस्था मिलाउने । साथै विगत निर्वाचनमा निर्वाचन प्रहरीको जिम्मेवारी पुरा गरेका जनशक्तिलाई स्वयंसेवकको रुपमा

परिचालन गर्ने । निजहरुको सम्पर्क नम्बर सहितको विवरण नजिकको सुरक्षा निकाय र DEOC मा जानकारी गराउने।

- स्थानीय तहले १५ दिन भित्र गाउँ, शहर/बस्तीका ढल सफा गर्ने, खोला नालामा अत्याधिक थुप्रिएका गेग्रान हटाउने, पानी निकास खोल्ने लगायतका पूर्वकार्य गर्ने/गराउने।
- सबै विषयगत कार्यालय र पालिकाहरुले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको कार्ययोजना सात दिन भित्र जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने।
- स्थानीय तह तथा सम्बन्धित कार्यालयहरुले विपद् उद्दारजन्य यन्त्र, औजार तथा सामग्री सुरक्षा निकायलाई हस्तान्तरण गर्न अनुरोध गर्ने।
- प्रादेशिक अस्पतालले विपद्जन्य घटनाको उपचारको व्यवस्था निःशुल्क र प्रभावकारी बनाउन छुट्टै उपचार कक्ष सञ्चालन गर्ने ।

८. हावाहुरी र गर्मीबाट बच्न आवश्यक सुरक्षाका विषयमा समुदाय स्तरमा जानकारीमूलक सूचनाहरु प्रवाह गर्नको लागि माईकिङ्ग, पर्चा पम्पलेट, FM रेडियो, समुदायस्तरीय भेला, वडास्तरीय कार्यक्रमहरुको माध्यमबाट सूचना प्रशारण गर्ने कार्य, विकास साझेदार, गैरसरकारी संस्था, स्थानीय तह र सञ्चारकर्मी समेत समन्वय र सहकार्य गरी आवश्यक पूर्व तयारी गर्ने ।

९. सरकारी निकायहरु खास गरी विपद् व्यवस्थापनमा संलग्न cluster का निकायहरु खानेपानी, वन, दुरसञ्चार, विद्युत, सडक, स्वास्थ्य कार्यालयहरुले आफ्ना तयारीहरु दुरुस्त राख्ने । जनशक्तिलाई तयारी अवस्थामा राख्ने र आवश्यक सामाग्रीहरुको व्यवस्था गर्ने । cluster को बिचमा समन्वय र सहकार्य गर्न गराउन सहायक प्रमुख जिल्ला अधिकारीले Focal Person को रुपमा काम गर्ने ।

१०. वन, जङ्गलमा प्रत्येक वर्ष जसो आगलागीका घटना हुने र सोको प्रभाव बस्तीमा पनि परिरहेको देखिन्छ । खासगरी धनुषाधाम, गणेशमान चारनाथका जंगल र बस्तीहरु बढी प्रभावित भैरहेकोले त्यस वनक्षेत्रका सामुदायिक वन, कबुलियती वनका समितिहरुसँग वन कार्यालयले आगलागीका कारण, प्रभाव तथा रोकथामको लागि आवश्यक समन्वय र सहकार्य गर्ने । बस्तीका संदिग्ध व्यक्तिहरुको पहिचान तथा सूचना नजिकका सुरक्षा निकायलाई दिने । जंगल क्षेत्रका बस्तीहरुमा जनचेतनाका कार्यक्रमहरु सामुदायिक वनका समितिसँग सहकार्य गरी डिभिजन वन कार्यालयले सञ्चालन गर्ने ।

११. हावाहुरी र गर्मी सुख्खा याममा खासगरी स्कूलका विद्यार्थीहरु बढी प्रभावित हुने र बस्तीहरुमा पानीको समस्या पर्ने देखिएकोले स्थानीय तहहरुले विद्यालयमा खानेपानीको प्रबन्ध गर्ने । पालिकाको पोखरीहरुको मर्मत संभार तथा पानीको स्तर अनुगमन गरी आगलागीको समयमा प्रयोग गर्ने गरी आवश्यक व्यवस्थापन गर्ने, बस्तिका ह्याण्डपाईप, धाराहरुको मर्मत, वारुण यन्त्र जान सक्ने सडकहरुमा अवरोध हटाउने, वारुण यन्त्रहरु मर्मत गरी प्रयोग गर्न सक्ने अवस्थामा राख्ने स्थानीय तहहरुले आ-आफ्नो पालिकाभित्र आवश्यक व्यवस्था गर्ने ।

१२. स्थानीय तहमा क्रियाशित राजनीतिक दल, नागरिक समाज, युवा क्लव, सामाजिक संघ/संस्थामा आवद्ध व्यक्तिहरुलाई विपद्को समयमा हुने घटनाहरुमा तत्काल राहत र उद्धारमा जुटन समन्वय र सहकार्य गर्न सबै पालिकाहरुले अनुरोध गर्ने ।

१३. राष्ट्रिय राजमार्ग, हुलाकी राजमार्ग तथा अन्य सार्वजनिक राजमार्गहरुमा बजार लगाउने, फोहर जम्मा गर्ने, निर्माण सामाग्री थुपार्ने जस्ता कारणले दुर्घटनाहरु भैरहेको तथा सर्वसाधारणलाई आवतजावत एवम् सवारी साधनको निर्वाध आवागमनमा समस्या परिरहेको सन्दर्भमा सडक डिभिजन कार्यालय र स्थानीय तहसँग समन्वय गरी सुरक्षा निकायहरुले बाटोको अवरोध हटाउन पहल गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय

१४. विद्युतको पोलहरुमा तार खुकुलो भै हावाहुरीको समयमा आगलागी हुने सम्भावना बढी भएको देखिएकोले नेपाल विद्युत प्राधिकरणले तार व्यवस्थित गर्ने, सर्टसर्किटको सम्भावनालाई न्यून गर्ने ।

१५. विकास साझेदार र गैरसरकारी संघ संस्थाहरुले आगो निभाउन प्रयोग हुने आधारभूत सामाग्रीहरु, पूर्व तयारीको लागि जनशक्तिको क्षमता विकास गर्ने तालिमहरु, गर्मीबाट बच्न गर्नुपर्ने उपायहरु सम्बन्धमा स्थानीय तह, सुरक्षा निकाय तथा विपद् cluster का कार्यालयहरुसँग आवश्यक समन्वय गरी सहकार्य गर्ने ।

१६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८२ लाई अद्यावधिक गर्न निम्न कार्यशर्त रहने गरी निम्न बमोजिम एक कार्यदल गठन गर्ने ।

| | | | |
|---|---|---|---|
| (क) | सहायक प्रमुख जिल्ला अधिकारी | - | संयोजक |
| (ख) | सेनानी, नेपाली सेना | - | सदस्य |
| (ग) | प्र.ना.उ., नेपाल प्रहरी | - | सदस्य |
| (घ) | स.प्र.ना.उ., सशस्त्र प्रहरी बल नेपाल | - | सदस्य |
| (ङ) | सभापति नेपाल रेडक्रस सोसाइटी | - | सदस्य |
| (च) | गैर सरकारी संस्था महासंघ, जिल्ला सभापति | - | सदस्य |
| (छ) | प्र.अ. (विपद् हेर्ने), जिल्ला प्रशासन कार्यालय, धनुषा | - | सदस्य-सचिव |

कार्यशर्त :

- कार्यदलले २०८३ वैशाख मसान्त भित्र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८२ लाई समय सापेक्ष परिमार्जन परिस्कृत र अद्यावधिक गरी प्रतिकार्य योजना-२०८३ को मस्यौदा तयार गर्नेछ ।
- कार्यदलले कार्य सम्पादनको क्रममा बैठक, छलफल, अन्तरक्रिया गर्न सक्नेछ ।
- कार्यदलले आवश्यकता अनुसार विज्ञ र अन्य विपद्को क्षेत्रमा काम गर्ने संघ/संस्था/निकायका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

१७. धनुषा जिल्ला भित्र पर्ने नदी, खोला तथा खहरे हरुमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो, गेग्रान आदि) थुप्रीन गई खेतियोग्य जमिन, मानव वस्ति तथा सडक, पुल नहर, जस्ता पूर्वाधारमा क्षति पुग्न जाने देखिएमा यस्तो क्षेत्रमा प्राविधिक मूल्याङ्कन एवम् कानूनीको प्रकृया पुरा गरी सम्वन्धित गाउँपालिका वा नगरपालिकाले यस्ता वस्तु हटाई सोको उचित व्यवस्थापन गर्ने । सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

१८. गाउँपालिका वा नगरपालिकाहरुले ठेक्का लगाएका नदीजन्य पदार्थहरु सम्झौताका शर्त बमोजिम उत्खनन् भए/नभएको कर्मचारी खटाई नियमित अनुगमन गर्ने र ठेक्का नलागेका नदी, खोलामा हुने अवैध उत्खनन् कडाईका साथ नियन्त्रण गर्ने । यस कार्यका लागि स्थानीय सुरक्षाकर्मी (नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल) को सहयोग लिने ।

१९. यस जिल्लामा विपद्को समयमा आवश्यक पर्ने विपद् जोखिम न्यूनीकरण तथा उद्धारमा प्रयोग हुने सामग्री न्यून देखिन्छ । विपद् एवम् उद्धारमा खटिने सुरक्षा निकायहरु र स्थानीय विपद् व्यवस्थापन समितिमा समेत यस्ता सामग्रीहरु तयारी अवस्थामा राख्न आवश्यक भएकोले यस्ता सामग्री उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, मधेश प्रदेश सरकार, सबै स्थानीय तहहरु र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा सहकार्य गर्ने संघ संस्थाहरुलाई समेत अनुरोध गर्ने ।

राजकुमार सा

नेपाल सरकार
गृह मन्त्रालय

२०. विपद्को समयमा तत्काल सूचना दिन एवम् उद्धार गर्न गत वर्षदेखि तालिम समेत दिई तयार गरिएका विपद् सूचकहरुको विवरण सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण हे.क्वा. धनुषाले अद्यावधिक गर्ने । नयाँ थप सूचक तयार गर्न प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२ मा निर्वाचन प्रहरी भै खटेका व्यक्तिहरुलाई प्राथमिकता दिने ।

२१. मनसुन जन्य विपद् जोखिम न्यूनीकरण गर्न चालु आ.व. २०८२/८३ मा वार्षिक कार्यक्रम तथा बजेट भएका कार्यालयहरुले (राष्ट्रपति चुरे संरक्षण, सिंचाई विकास डिभिजन, पूर्वाधार विकास कार्यालय, डिभिनजन सडक कार्यालय, कमला नदी नियन्त्रण आयोजना, जिल्ला भूसंरक्षण कार्यालय आदि) समयमा नै योजना/आयोजना सम्पन्न गर्ने/गराउने ।

२२. सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण हे.क्वा., धनुषाको च.नं. ११०३ मिति २०८२/१२/०६ गतेको पत्रानुसार गण मातहत सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म महिनाथपुरको भवन निर्माणका लागि विदेह नगरपालिका वडा नं. १ साविक ठाडीझिझा वडा नं. १ को ९ (क) को कित्ता नं. ३८३ क्षेत्रफल ०-१९-१३ (१९ कट्ठा १३ धुर) नेपाल सरकारको नाममा रहेको जग्गा मध्ये पश्चिम दक्षिण तर्फबाट ०-६-० (६ कट्ठा) विदेह नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनुषाको च.नं. ८०२ मिति २०८३/०१/१४ गतेको पत्रबाट उक्त जग्गा विपद् प्रयोजनमा आवश्यक नपर्ने भएको भनी लेखी आएकोले सोही व्यहोरा सम्बन्धित निकायमा सिफारिस गर्ने ।

२३. नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा जनकपुरधामले मिथिला अवध साँस्कृतिक संरक्षण परिषद्, जनकपुरधामसँग सम्झदारी गरी परिषद्ले केन्द्रीय गुठी संस्थानसँग लिज सम्झौता गरी लिएको धनुषा जिल्ला, जनकपुर वडा नं. ८, सिट नं. १३५५-१७ कि.नं. २१९ मा बनाएको प्रकोप तथा विपद्को समयमा अल्पकालिन आश्रयको रुपमा प्रयोग गर्ने भवन (Evacuation Centre) को स्वामित्व जिल्ला विपद् व्यवस्थापन समितिले लिने । साथै उक्त भवन विपद् बाहेक अन्य अवस्थामा परिषद्ले प्रयोग गर्दा त्यसबाट प्राप्त हुने आम्दानीको ५०% जिल्ला विपद् व्यवस्थापन समितिको खातामा जम्मा गर्ने र बाँकी ५०% रकम उक्त भवनको बत्ती, पानी, सफाई, मर्मत लगायतका व्यवस्थापकीय कार्यमा प्रयोग गर्ने ।

२४. कमला– ढल्केबर– पथलैया सडक योजना (पूर्वी खण्ड), बर्दिवासको मिति २०८३/०१/०४, च.नं. २४५ को पत्रबाट महेन्द्र राजमार्गको सडक सीमाभित्र रहेका सरकारी रुखहरू योजनाबद्ध तरिकाले हटाइए पनि बाँकी रहेका रुखहरूमध्ये केही रुखले दुर्घटना जोखिम बढाएको र केही रुखले निर्माण कार्यलाई नै अवरुद्ध गरेकोले थप हानि नोक्सानी हुन नदिन तत्काल विपद् व्यवस्थापनको बैठकले निर्णय गरी दिन अनुरोध भई आएको छ । सो सम्बन्धमा बिरेन्द्र बजार प्रहरी कार्यालयसँगै सडकको दायाँ बायाँका ५५ वटा रुखहरुले ओभरपास संरचना बनाउन अवरोध गरेको, भीमवान चोकको दुवै तर्फका ३३ वटा रुखहरु ढल्न सक्ने भई स्थानीय जनतामा सुरक्षा जोखिम बढेको, जगदेव ब्रान्च पुल नजिकको पहुँच मार्गमा ३ वटा रुखले विद्युतको तार स्थानान्तरण गर्न नसकेको, तथा जगदेव र जल्लाद पुलको निर्माणमा क्रमशः १७ र ९ वटा रुखले पुल निर्माण नै अवरुद्ध भएको भनी खुली आएको छ। तसर्थ, योजना कार्यालयको अनुरोध बमोजिम बिरेन्द्रबजार, भीमवान चोक, जगदेव र जल्लाद पुल सँगैको जम्मा ११७ वटा सडक सीमाभित्रका सरकारी रुखहरू यथाशिघ्र कानुन बमोजिम व्यवस्थापन गर्न डिभिजन वन कार्यालय, धनुषालाई अनुरोध गर्ने ।

२५. सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना जनकपुरधाम, धनुषाको च.नं. ४८१ मिति २०८३/०१/०५ पत्रानुसार आयोजनाको कार्यक्षेत्र भित्र रहेको धनुषा जिल्लास्थित कमला, रातो र औरही (बिग्ही) नदीबाट विभिन्न पालिकाहरु बाढीको उच्च जोखिममा रहेको, बाढीको जोखिम रहेको क्षेत्रमा आवश्यक नदी नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि पत्रमा उल्लेखित स्थानहरुमा आवश्यक कार्य गराउनु पर्ने भएको भनी लेखी आएको हुँदा विपद् जोखिम क्षेत्रमा तत्काल कार्य गर्नु पर्ने भएको हुँदा श्री जलस्रोत तथा सिंचाइ विभागमा बजेट निकासाको लागि सिफारिस साथ अनुरोध गर्ने ।

२६. यस जिल्लामा सुख्खा/खडेरीको कारणले नागरिकहरुलाई खानेपानी सेवा उपलब्धतामा असर पुर्याउन सक्ने संभावना भएकाले सबै पालिकाहरुले त्यस्ता संभावित स्थान र प्रभावित जनसंख्या पहिचान गरी उक्त विवरण ७(सात) दिनभित्र जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने । सोही विवरणका आधारमा खानेपानी तथा ढल व्यवस्थापन कार्यालयले प्राथमिकीकरण गरी उपलब्ध श्रोत साधन परिचालन गरी खानेपानीको समस्या समाधान गर्ने ।

२७. यस जिल्लामा वारुणयन्त्र नभएका स्थानीय तहहरुको लागि कम्तीमा १(एक) थान वारुणयन्त्र (दमकल) यथासिघ्र उपलब्ध गराउन नेपाल सरकार र मधेश प्रदेश सरकारमा अनुरोध गर्ने ।

२८. मधेश प्रदेश क्षेत्रमा चुरे विनासका कारण सुख्खा क्षेत्र क्रमस बढ्दै गएको, पानीको मुहान सुक्दै गएको, भूमिगत पानीको स्रोत सुक्दै गएको, मनसुनी वर्षा समेत कम हुँदै गएको र भयावह प्राकृतिक विपद् समेत पर्न सक्ने भएको हुँदा चुरेक्षेत्र संरक्षणका दिगो योजना तत्काल कार्यान्वयन गर्न नेपाल सरकार र मधेश प्रदेश सरकारलाई विशेष आग्रह एवम् अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनुषा

२०८३।१।१५
प्रमुख जिल्ला अधिकारी

निम्न निर्णय थप गर्ने:

२९. धनुषा जिल्ला र सिरहा जिल्लाको सिमानामा पर्ने कमला नदीको बाँध होचो हुँदै गएको, कतिपय ठाउँमा फुटेको, भत्केको र ठूलो पानी परेको अवस्थामा नदी खेतीयोग्य जमिन एवम् बस्तीमा पसी ठूलो धनजनको क्षति हुनजाने सम्भावना भएकोले तत्काल उक्त बाँध मर्मत संभारको लागि नेपाल सरकार र मधेश प्रदेश सरकारमा सिफारिस साथ अनुरोध गर्ने।

३०. नेपाली सेना बिष्णुदल गण र अन्य स्थानीय तहहरुमा रहेका दमकल आगलागी अन्य बिपद्मा प्रयोग हुँदा जुन पालिकामा प्रयोग भएको हो सो पालिकाले इन्धनको व्यवस्था गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनुषा

२०८३।१।१५